# भीमेश्वर नगरपालिका

## नगर कार्यपालिकाको २६ औं बैठकका कार्यसूची

१) गत बैठकको निर्णयको समिक्षा सम्बन्धमा

२) आगामी आ.ब. २०८१/०८२ को बजेट तथा कार्यक्रम सम्बन्धमा

३) लेखा अधिकृतको स्वेच्छिक राजिनामा सम्बन्धमा

४) अनुमोदन सम्बन्धमा

विविध सम्बन्धमा

## नगर कार्यपालिकाको २६ औं बैठकका निर्णयहरु :-

निर्णय नं. १) : यस नगरपालिकाको २५ औं बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।

निर्णय नं. २) : यस नगरपालिकाको आगामी आ.ब.२०८१/८२ का लागि मस्यौदा नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३) : यस नगरपालिकाका लेखा अधिकृत श्री सुजन सुबेदी (अधिकृत सातौ) ले घरायसी तथा स्वास्थ्यको कारण देखाई आफ्नो पदबाट मिति २०८१/०३/०२ गतेबाट लागु हुने गरी मिति २०८१/२/३२ मा यस कार्यालयमा दिनु भएको स्वेच्छिक राजिनामा स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १४६ को उपदफा (२) को प्रक्रिया पुरागरी उपदफा (३) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४) यस नगरपालिकाको स्वीकृत कार्यक्रम किवीको थाक्रा वितरण तथा सो को उपभोक्ता अभिमुखीकरण कार्यक्रम आर्थिक विकास समितिवाट निर्णय भई अनुमोदनका लागि पेश भएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

विविध

निर्णय नं. ५.क ) यस नगरपालिका अन्तर्गत न्यायिक समितिका सदस्यहरु किरण वली - भीमेश्वोर ९ तथा बालकृष्ण रायक्षेत्री — भीमेश्वोर १ लाई न्यायिक समितिका कामकाजमा कार्यालयमा बारम्वार आईरहन पर्ने र न्यायिक निरुपणका शिलशिलामा बिभिन्न फिल्डमा समेत जानुपर्ने

भएकोले वडा अध्यक्षले मासिक रुपमा पाउने बराबरको ईन्धन तथा मर्मत खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५.ख )** यस नगरपालिका वडा नं. ५ बस्ने चुन बहादुर बस्नेतको छोरी तेजबहादुर कार्कीको बुहारी जय बहादुर कार्कीको श्रीमती अ. वर्ष ५३ की दुर्गा कार्कीले यस नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक कमला बस्नेत समेतलाई विपक्षी बनाई दोलखा जिल्ला अदालतमा दर्ता गराएको मु.द.नं. ०८०-८४-००४३ को किर्ते जालसाझी निवेदनको सम्बन्धमा उपप्रमुख एवं न्यायिक समितिका संयोजक कमला बस्नेत समेतको तर्फबाट लिखित जवाफ पेश गर्न, तारेख लिने देखि मुद्दाको कानुनी निरुपणका सबै प्रक्रिया पुरा गर्नका लागि यस नगरपालिका वडा नं. २ बस्ने अधिवक्ता श्री राजेन्द्र नारायण श्रेष्ठलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३